लिखु पिके गाउँपालिका
Likhupike Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
चौलाखर्क, सोलुखुम्बु
Chaulakharka, Solukhumbu
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

चलानी नं

मितिः २०८३।०५।२८ गते

## शोक वक्तव्य

२०८३ साल भाद्र १० गते हिमपहिरो/हिमताल बिष्फोटवाट रसुवा जिल्लाको भोटेकोशी र त्रिशुली नदीमा आएको अप्रत्याशित तथा बिनाशकारी बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, चितवन लगायतका जिल्लामा ठूलो जनधनको अपूरणीय क्षतिप्रति लिखु पिके गाउँपालिका, सोलुखुम्बु गहिरो दुःख तथा समवेदना प्रकट गर्दछ ।

यस विपद्का कारण सयौंको संख्यामा उक्त क्षेत्रका नागरिक, विभिन्न संघ संस्थामा कार्यरत कामदार, जलविद्युत आयोजनामा कार्यरत कर्मचारी, मजदुर तथा देश विदेशका पर्यटकहरुले ज्यान गुमाउनु परेको, हजारौंको संख्यामा मानिसहरु घाइते, वेपत्ता तथा विस्थापित हुनपरेको यस घडिप्रति गाउँपालिका अत्यन्त मर्माहत भएको छ ।

यस विषम् परिस्थितमा बाढी तथा विपद्का कारण जीवन गुमाउनु हुने सम्पूर्ण मृतकहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण सहित शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछौं । वेपत्ता नागरिकहरुको खोजी तथा उद्धारका लागि हार्दिक अपिल गर्दै विस्थापितहरुको उचित व्यवस्थापन र घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं।

विपद परेका नागरिकहरुको उद्धार, राहत, उपचार तथा दिगो पुनःस्थापनाका लागि लिखु पिके गाउँपालिका जनप्रतिनिधी, कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मीहरु तथा नेपाली महिलाहरुको महान चाड तीज कार्यक्रमका लागी गाउँपालिकाबाट प्रत्येक वडामा विनियोजित रकम रु.१,००,००० (अक्षरेपी एक लाख मात्र) गरी जम्मा ५,००,००० (पाँच लाख मात्र) समेत तपशिल वमोजिमको एकमुष्ट रकम रु. १८,७५,१९६।- **(अक्षरेपी अठार लाख पचहत्तर हजार एक सय छियानब्बे रुपैंया मात्र)** प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा हुने गरी सहयोग रकम उपलब्ध गराउने निर्णय गरिएको वेहोरा यसै विज्ञप्ती मार्फत् जानकारी गराउन चहान्छौं।

<u>तपसिल</u>

| क्र.सं. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | लिखु पिके गाउँपालिका विपद् व्यवस्थापन कोष | १,००,०००।- | |
| २. | गाउँपालिकाबाट प्रत्येक वडा कार्यालयलाई विनियोजित तीज कार्यक्रम | ५,००,०००।- | |
| ३. | गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधी (१० दिन) | १,११,८००।- | |
| ४. | वडा नं ३, चौंलाखर्कको कार्यलय सञ्चालन कोष | ५१,०००।- | |
| ५. | गाउँ कार्यपालिका अन्तर्गत कर्मचारी (अधिकृतस्तर-७ दिन, सहायक स्तर -५ दिन, श्रेणीविहिन -२ दिन) | ३,६०,३७५।- | |
| ६. | सामुदायिक विद्यालयमा कार्यरत सम्पूर्ण शिक्षक तथा कर्मचारीहरु(उ.मा.वि.,मा.वि.,प्रा.वि. प्रथम -७ दिन, नि.मा.वि तृतीय, प्रा.वि. द्वितिय, प्रा.वि. तृतीय, कम्प्युटर शिक्षक -५ दिन, बाल बिकास सहजकर्ता, विद्यालय लेखा कर्मचारी, विद्यालय सहयोगी -२ दिन) | ७,५२,०२१।- | |
| | **जम्मा** | १८,७५,१९६।- | |

........................
विकेन पौडेल
प्रमुख प्रशासकीय अधिकृत
विकेन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

........................
मिना कार्की बस्नेत
गाउँपालिका अध्यक्ष
मिना कार्की बस्नेत
अध्यक्ष